नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, माघ १९ गते २०३७ साल [अतिरिक्ताङ्क ६२

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अरब गणतन्त्र इजिप्टको राजकीय भ्रमण तथा बहराइनको अनौपचारिक भ्रमणमा सवारी होइबक्सनु अघि २०३७ साल माघ १९ गते आइतबारका दिन देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

आज हामी हाम्रा बडामहारानीका साथ महामहिम राष्ट्रपति श्री अनवर अल सादातको मैत्रीपूर्ण निमन्त्रणामा अरब गणतन्त्र इजिप्टको राजकीय भ्रमण गर्ने सिलसिलामा कायरोतर्फ जाँदैछौं। सयौं वर्षसम्म आफैंमा लीन एकाकी जीवन बिताएपछि नेपालले बीसौं शताब्दीका वास्तविकताहरू महसूस गर्दै २००७ सालदेखि मात्र अग्रसर हुन थालेको कुरा सबैमा विदितै छ। त्यस बेलादेखि मैत्री, ज्ञान तथा अनुभवका साथै फलदायी सहयोगका नयाँ नयाँ क्षितिजहरूको खोजी गर्ने हाम्रो प्रयासमा हामी धेरै अघि बढेका छौं।

महा लिपि सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हालसम्ममा ८० मुलुकहरूसंग हाम्रो दौत्य सम्बन्ध स्थापना भैसकेको छ। तिनीहरूमध्ये इजिप्ट तीन महाद्वीपहरूको संगमस्थल भएर मात्र होइन नेपाल झैं असंलग्न आन्दोलनको एक अग्रणी राष्ट्र भएकोले पनि यसले महत्त्वपूर्ण स्थान ओगटेको छ। विक्रम संवत् २०१४ सालमा इजिप्टसंग दौत्य सम्बन्ध स्थापना भएदेखि नै कायरोस्थित हाम्रो नियोग अफ्रिकी महादेश र अरब जगतका निम्ति झण्डै झण्डै सबभन्दा पल्लो छेउको नेपाली कूटनैतिक चौकी रहिआएको छ। यसै परिप्रेक्ष्यलाई दृष्टिगत गरी राष्ट्रपति सादातको मैत्रीपूर्ण निमन्त्रणा हामीले स्वीकार गरेका हौं र उहाँसंग मित्रतापूर्ण विचारको आदान प्रदान गर्ने प्रतीक्षामा हामी छौं। इजिप्टको राजकीय भ्रमण र त्यसपछि फर्किंदा बाटामा हामीबाट हुने बहराइनको अनौपचारिक भ्रमणबाट ती देशसित रहिआएको नेपालको आपसी सम्बन्ध अझ घनिष्ट हुनेछ भन्ने कुराको पनि हामीले आशा राखेका छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग

6C8

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।